नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref No.

मिति : २०७८/०६/१०

सूचना !

**लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन (Audit Quality Assurance Review) बारे ।**

संस्थाले क्वालिटी एस्योरेन्स बोर्डमार्फत लेखाव्यवसायी फर्महरुबाट सम्पादन हुने लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गरी लेखाव्यवसायलाई भरपर्दो र विश्वासिलो तुल्याउने उद्देश्यले फर्महरुको लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गर्दै आएको व्यहोरा सर्वविदितै छ । सूचिकृत कम्पनिहरुको लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्महरुबाट थालनी गरिएको पुनरावलोकन कार्य हाल आएर अन्य जुनसूकै निकायको लेखापरीक्षण गर्ने चार्टर्ड एकाउन्टेन्ट तथा दर्तावाला लेखापरीक्षक सदस्यका लेखाव्यवसायी फर्महरुसम्म विस्तार भईसकेको अवस्था छ । पहिलो चरणको पुनरावलोकन कार्य सम्पन्न गरिएका लेखाव्यवसायी फर्महरुको तीन वर्षको अवधि पूरा भई दोस्रो चरणको पूनरावलोकन कार्यसमेत गर्ने कार्यक्रम रहेको छ ।

यसै सन्दर्भमा लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन कार्यविधिले तोकेको विधि र प्रक्रिया एवं क्वालिटी एस्योरेन्स बोर्डको निर्णय समेतको आधारमा पुनरावलोकन गरिने लेखापरीक्षण फर्मको छनौट हुने हुँदा संस्थाले लेखाव्यवसायी फर्महरुलाई गुणस्तर आश्वस्तता पुनरावलोकन गरिने समय तालिका सहितको सूचना पठाउन सक्ने व्यहोरा सबैलाई सूचित गरिन्छ । तसर्थ, लेखाव्यवसायी फर्महरुलाई गुणस्तर आश्वस्तता पुनरावलोकन सम्बन्धी प्राप्त हुने सूचना अनुसार तोकिएको समयमा पुनरावलोकन कार्य सम्पन्न गर्न सहयोग पुग्ने गरी आवश्यक व्यवस्था मिलाई तयारी अवस्थामा रहनुहुन जानकारी गराइन्छ ।

लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन कार्य, यसको प्रक्रिया, नमूना लेखापरीक्षण निर्देशिका (Audit Practice Manual) लगायतका जानकारी एवं तत्सम्बन्धी सामग्रीहरु संस्थाको वेभसाइटमा QUALITY ASSURANCE शीर्षक अन्तर्गत उपलब्ध रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 01-5530832, 5530730, Fax: 977-1-5550774
P O Box 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**